# गैडहवा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

गैडहवा-३,विष्णुपुरा, रुपन्देही                लुम्बिनी प्रदेश

प.सं.२०७८/०७९                मितिः २०७८/१०/०३

च.नं.

## सूचना ।

हालैका दिनहरुमा कोभिड-१९ को संक्रमण तिव्ररुपमा फैलिरहेको अवस्थामा दृष्टिगत गरी कोभिड -१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सि.सि.एम.सि.) को मिति २०७८/०९/२५ को सिफारिस तथा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविध मन्त्रालयको मिति २०७८/०९/२६ को निर्णय र सूचना अनुसार देहाय बमोजिम गर्नु गराउनु हुन यस गैडहवा गाउँपालिका अन्तर्गत संचालित सबै सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस गाउँपालिका अन्तर्गतक सबै तह र प्रकारका विद्यालयहरुले वार्षिक विदामा मिलान हुने गरी यहि २०७८ माघ ४ गते देखि २०७८ माघ १५ सम्म विदा दिने ।

२. विदाको अवधिमा सम्पूर्ण शिक्षक विद्यालयमा उपस्थित भई विद्यालयको प्रशासनिक कार्य संचालन गर्ने तथा " विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ " ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाईमा आवश्यक सिकाई सहजीकरण गर्ने ।

३. विदाको अवधिमा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई कोही नछुट्ने गरी खोप लगाउने अभियानमा समन्वय र सहजीकरण गर्ने ।

४. १८ वर्ष उमेर समूह र सो भन्दा माथिका सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी, शिक्षक, विद्यालय कर्मचारी तथा अभिभावकहरुले खोपका लागि स्थानीय तहमा रहेका स्वास्थ्य चौकीमा सम्पर्क गर्ने ।

५. सबै शिक्षण संस्थाहरुले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरु आयोजना नगर्ने साथै माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोपकार्ड अनिवार्य रुपमा साथमा राख्ने प्रबन्ध मिलाउने ।

६. विदा अवधि भरी विद्यालयबाट सहजीकरण गरेको प्रतिवेदन सासाहिक रुपमा पेश गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत